# तपाई बरिामी हुँदा

पहुँचयोग्य संस्करण: https://www.cdc.gov/coronavirus/2019-ncov/if-you-are-sick/steps-when-sick.html

## तपाईं बिरामी हुनुहुन्छ भने यी चरणहरूको पालना गर्नुहोस्

### चिकित्सा स्याहार प्राप्त गर्दा बाहेक घरमै बस्नुहोस्

- मास्क लगाउनुहोस्।
- अरूहरूबाट कम्तीमा 6 फिट टाढा रहनुहोस्।
- आफ्ना हातहरू प्राय: धोई राख्नुहोस्।
- खोक्दा र हाच्छिउँ गर्दा छोप्नुहोस्।
- सबै उच्च-स्पर्श हुने सतहहरूलाई प्रत्येक दिन सफा गर्नुहोस्।





## घरमा अन्य मानिस र घरपालुवा जनावरहरूबाट अलग रहनुहोस्

- सम्भव भएसम्म विशिष्ट कोठामा बस्नुहोस्।
- आफ्नो घरमा अन्य मानिस र घरपालुवा जनावरहरूबाट टाढा रहनुहोस्।
- सम्भव भएमा, तपाईंले अलग बाथरूम प्रयोग गर्नुपर्छ।
- तपाईंलाई घरमा वा बाहिर अन्य मानिस वा जनावरहरूको नजिक हुन आवश्यक भएमा, मास्क लगाउनुहोस्।



cdc.gov/coronavirus

322968-Q October 9, 2021

# तपाईं बिरामी हुँदा



## घरका व्यक्तिगत वस्तुहरू साझा नगर्नुहोस्

आफ्नो घरमा भएका अन्य मानिससँग भाँडा, पिउने गिलास, खाने भाँडा, टावेलहरू वा बिस्तरा साझा नगर्नुहोस्।



## आफ्ना लक्षणहरूको निरीक्षण गर्नुहोस्

कोभिड-19 का लक्षणहरूमा ज्वरो आउने, खोकी लाग्ने, श्वासप्रश्वासको कमी हुने र थप कुराहरू समावेश हुन्छन्।

आफ्नो स्वास्थ्य सेवा प्रदायक र स्थानीय स्वास्थ्य विभागबाट प्राप्त निर्देशनहरू पालना गर्नुहोस्।





## आपतकालीन चिकित्सा सहायता कहिले खोज्ने

**कसैलाई**

- श्वासप्रश्वासमा कठिनाइ भइरहेमा।
- लगातार छाती दुख्ने वा चाप हुने भइरहेमा।
- उठ्न वा जागा रहन नसक्ने भएमा।
- छालाको रङको आधारमा पहेँलो, खैरो वा नीलो रङको छाला, ओठ वा नङ भएमा।

तुरुन्तै आपतकालीन चिकित्सा स्याहार खोज्नुहोस्। 911 मा वा आफ्नो स्थानीय आकस्मिक सुविधालाई फोन गर्नुहोस् तपाईं COVID-19 भएको वा हुन सक्ने कुनै व्यक्तिको लागि स्याहार खोज्दै हुनुहुन्छ भनी सञ्चालकलाई सूचित गर्नुहोस्।